प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-१०
चलानी नं. : ६२७

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लि. को शत प्रतिशत लगानीमा २०६७ पौष ७ गते स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) लाई आवश्यक Software भारतको सिएमसि ईन्डिया लि. बाट प्राप्त भएको र सूचीकृत धितोपत्रहरुको अभौतिकृत रुपमा कारोबार, राफसाफ तथा फछ्र्यौट कार्य गर्नका लागि यो प्रभावकारी सिद्ध हुने निर्विवाद छ । साथै सिएमसि ईन्डिया लि. तथा नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) बीचको सम्झौता अनुसार मिति २०७१/१२/१६ गते देखि तीन महिने On-Site Warranty Period सुरु भएको छ । यसरी On-Site Warranty Period सुरु भए पश्चात् सिएमसि ईन्डिया लि. ले आवश्यकता अनुसार Off-Site Support पनि गर्नेछ । तीन महिना अवधि पश्चात् Annual Maintenance Contract गरिने छ ।

यसै सन्दर्भमा सिडिएससिको कार्य संचालनलाई थप व्यवस्थित र प्रभावकारी पार्न शिखर इन्स्योरेन्स कम्पनी लि., ग्लोबल आइएमई बैंक लि., यूनिलिभर नेपाल लि., हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि., महालक्ष्मी फाइनान्स लि., एभरेष्ट फाइनान्स क. लि. र तारागाउँ रिजेन्सी होटेल्स् लि. हरुको मिति २०७१/१२/२२ गते देखि अभौतिक कारोबार र राफसाफ कार्य सुरु गरिनेछ । माथि उल्लेखित कम्पनीहरुको अभौतिक कारोबार र राफसाफ विनियमावलीको अधिनमा रही गरिनेछ । अतः यसका निम्न प्रकृयाहरु रहेको छ ।

- छानिएका कम्पनीका शेयर भौतिक वा अभौतिक रुपमा बिक्रि गरिनेछ र खरिदकर्तालाई अभौतिक रुपमा हस्तान्तरण गरिनेछ ।
- छानिएका कम्पनीका Blank Transfer (BT) मा रहेका शेयर तथा अनुसूची बिक्रि गर्न चाहनेले १५ (पन्ध्र) दिन (मिति २०७२/०१/०६) भित्र बिक्रि गर्नु पर्नेछ ।
- तोकिएको अवधि भित्र बिक्रि नगरेमा सो लाई सम्बन्धित निकायमा पठाएर भौतिकीकरण गर्ने वा अभौतिकिकरण गर्नु पर्नेछ ।
- माथि उल्लेखित कम्पनीहरुको कारोबार र राफसाफ मिति २०७२/०१/०६ गते देखि पूर्ण रुपमा अभौतिक रुपमा गर्नु पर्नेछ ।
- सिडिएससिमा दर्ता भएका अन्य कम्पनीहरुको हकमा धितोपत्रको अभौतिकीकरण तथा कारोबार र सो को राफसाफ सम्बन्धमा **"भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१"** मा भएको व्यवस्था यथावत् रहनेछ ।

मिति : २०७१/१२/१६

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com